## किन जंगली हात्तीलाई बचाउनु पर्दछ ? (Why to Save Wild Elephants?)

- अत्यन्त बुद्धिमानी प्राणी ।
- संसारबाटै लोपोन्मुख प्राणी ।
- निकै ठुलो धार्मिक र सांस्कृतिक महत्व बोकेको प्राणी ।
- पारिस्थितिक तन्त्र ईन्जिनियरको भुमिका निर्वाह गरेको प्राणी ।
- अन्य जनावरहरुलाई वनस्पति खानलाई सहज पुर्‍याउने प्राणी ।
- मलमुत्र वनस्पतिको लागी निकै लाभदायिक हुने ।


## विशेष धन्यवाद (Special Thanks)

- प्रा.डा. सन्तोस रायमाझी (TU, Institute of Forestry, Pokhara, Nepal)
- स.प्रा.डा. झमक ब. कार्की (TU, Kathmandu Forestry College, Kathmandu, Nepal)
- श्री बोधराज सुबेदी (DFO, Jhapa District, Nepal)
- डा. एलिना एल इभान्स (Innland University of Applied Sciences, Norway)
- श्री विश्वदिप चौधरी (Forester, Jalthal Sector Forest Office, Jhapa, Nepal)
- श्री संजिव सुबेदी (TU, Institute of Forestry, Pokhara, Nepal)
- सुश्री विजु पौडेल (Researcher, Jhapa, Nepal)
- श्री बिनोद खतिवडा (Researcher, Jhapa, Nepal)
- श्री राजिव उप्रती (Researcher, Jhapa, Nepal)
- Rufford Small Grants Foundation, UK
- जिल्ला वन कार्यालय, झापा नेपाल ।
- सम्पूर्ण वन विज्ञान अध्ययन संस्थान पोखरा, हेटौडा र काठमाडौं परिवार ।
- सम्पूर्ण व.वि.अ.सं पोखराका प्राध्यापक, कर्मचारी र विद्यार्थीहरु ।
- सम्पूर्ण जलथल वन क्षेत्रका समुदायिक वनका उपभोक्ताहरु र अन्य स्थानीय सरोकारवालाहरु ।


## अध्ययन अनुसन्धानका क्रममा खिचिएका केही तस्बीरहरु



Discussion with local people

Jalthal forest





Interview with victim's family

Elephant watch tower





Maize crop damaged by wild elephants

Paddy crop damaged by wild elephants






Rufford Small Grants को आर्थिक सहयोगमा सञ्चालित ‘मानव हात्ती द्वन्द्वको अवस्था र द्वन्द्व न्यूनीकरण गर्ने उपायहरु’ परियोजना अन्तरगत प्रकाशित

(Oct. 2017)


# मानव र जंगली हात्ती बीचको द्वन्द्व र द्वन्द्व न्यूनीकरण गर्नका लागि सचेतना एवम् संरक्षण शिक्षा

## Awareness and Conservation Education Material for Mitigating Human Elephant Conflict




Researcher/Project Leader

**Bijaya Neupane**



Financially Supported by

The Rufford Foundation



For further information: bijneu@gmail.com

## एसियन हात्ती र यसको महत्व (Asian Elephant and Its Importance)

एसियन हात्ती नेपालको सवैभन्दा ठुलो स्तनधारी जनवार हो । यसको महत्व परापूर्वकालदेखि नेपालको धर्म संस्कृतिसँग जोडिएको छ। IUCN ले एसियन हात्तीलाई लोपोन्मुख "Endangered" वन्यजन्तुको सूचीमा राखेको छ भने CITES ले "Appendix-I" मा राखेको छ। यसैगरी नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन १९७३ ले यस जन्तुलाई संरक्षित वन्यजन्तुको सूचीमा राखेको छ। यो हात्ती नेपालको तराईका चार क्षेत्रहरुमा पाईन्छः (पूर्वी, मध्य, पश्चिम र सुदूरपश्चिम) । नेपालमा अनुमानित जंगली हात्तीको संख्या १४७-१७१ रहेको छ । पूर्वी क्षेत्रमा यसको कुल संख्या १५ रहेको छ । यद्यपि भारतको वेष्ट बङ्गालबाट बार्षेनी २०० भन्दा माथिको समूहमा नेपालको पूर्वी क्षेत्रमा जंगली हात्तीहरु आएर मानवबस्तीमा द्वन्द्व निम्त्याउने गर्दछन्।

## मानव र हात्तीविचको द्वन्द्व र यसको कारण (Human & Elephant Conflict & Its Causes)

मानव र हात्ती बिचको जटिल अन्तरक्रिया जसले दुवै पक्षलाई हानि नोक्सानी पुऱ्याउछ, यसलाई मानव हात्ती द्वन्द्व भनिन्छ । यो नेपालको एकदमै जल्दोबल्दो समस्या हो र यसको समाधानमा थुप्रै चुनौति देखा परेका छन् । नेपालमा झापा लगायत अन्य क्षेत्रहरुमा जंगलबाट हात्तीहरु मानववस्तीमा आएर मानिसहरुलाई मार्ने र घाइते बनाउने, खेतीबाली र संग्रहित अन्न नष्ट गरिदिने, घरगोठ भत्काउने क्रम केही दशकयता बृद्धी हुँदै गईरहेको छ । यसैगरी मानिसले पनि हात्ती लाई मार्ने र घाइते बनाउने गरेको पाईन्छ । यस्तो समस्या प्रायजसो हात्तीको विनास गरिएको बासस्थानको वरि परी बढी पाईएको छ। त्यसैले यो द्वन्द्व निम्त्याउनुमा मानिस स्वयम् जिम्मेवार रहेको छ। जंगलमा आहाराको मात्रामा कमी आउनु, मानव जनसङ्ख्या बढ्नु, वासस्थान विनास हुनु आदि द्वन्द्वका प्रमुख कारणहरु हुन् ।

## जलथल, झापा वरिपरीका क्षेत्रहरुमा बिगत ६ बर्षदेखि जङ्गली हात्तीद्वारा मृत्यु हुनेहरुको बिवरण (Description of Human Casualties Caused by the Attack of Wild Elephant in Jalthal area, Jhapa since 6 years)

१. **शर्मिला लिम्बु** (भद्रपुर-४, झापा; दाउरा खोज्न जाँदा; 27th Dec., 2017; दिउँसो २ बजे)

२. **सुशिला लिम्बु** (भद्रपुर-४, झापा; शर्मिला लिम्बुसँग दाउरा खोज्न जाँदा; 27th Dec., 2017; दिउँसो २ बजे)

३. **देवी कुमारी राई** (पृथ्वीनगर-२, झापा; घर नजिकैको सडकमा हिड्दा; 24th Feb., 2016; बिहान ७ बजे)

४. **भवानी प्रसाद घिमिरे** (वानियानी-७, झापा; घर नजिकैको बारीमा घाँस काट्न जाँदा; 19th Dec., 2015; बिहान ७:१५ बजे)

५. **वाजरी राजवंशी** (बालुवाडी-६, झापा; घर नजिकैको चर्पीमा जाँदा; 11th Oct., 2014; बिहान ४ बजे)

६. **मंगलविर तामाङ** (पृथ्वीनगर-१, झापा; जंगलमा दाउरा खोज्न जाँदा; 30th March, 2013; बिहान ८ बजे)

७. **ज्ञान बहादुर च्याम्लीङ राई** (पृथ्वीनगर-५, झापा; जंगलमा घाँस काट्न जाँदा; 19th March, 2013; दिउँसो ३ बजे)

८. **दुर्गाप्रसाद पाण्डे** (पृथ्वीनगर-८, झापा; घर बाहिर आराम गर्दा; 5th Jan., 2012; बिहान ६:३० बजे)

९. **आशामाया राई** (पृथ्वीनगर-५, झापा; घर नजीकैको करेसाबारीमा काम गर्दा; 5th Jan., 2012; बिहान ७ बजे)

१०. **गुनमाया बस्नेत** (पृथ्वीनगर-५, झापा; घर बाहिर बस्दा; 5th Jan., 2012; बिहान ८:३० बजे)

## जलथल क्षेत्रमा हात्तीले निम्त्याएका अन्य क्षतिहरु (Other Wild Elephant's Damage Information)

- धान र मकै खेतीको नोक्सान ।
- भण्डारण गरिएको अन्नको नोक्सान ।
- घरगोठहरुको नोक्सान ।
- अन्य मौसमी खेतीहरुको नोक्सान ।
- मानवलाई घाइते बनाउने ।

## जंगली हात्तीबाट कसरी बच्ने ? (How to be Safe from Wild Elephants?)

- हात्ती प्रवाभित क्षेत्रहरुमा जुन बेला पनि हात्ती आउन सक्छ भन्ने कुरा ख्याल गर्ने ।
- हात्ती कुनबेला कता गएको छ भन्ने कुराको ख्याल गर्ने ।
- हात्ती आएको थाहा पाउने बित्तिकै सुरक्षित स्थानमा बस्ने र वरिपरी अरुलाई पनि सुचना दिने ।
- हात्ती प्रवाभित क्षेत्रहरुमा (जंगलहरुमा) सकभर एक्लै नहिड्ने र राती घर बाहिर ननिस्कने ।
- मदिरा सेवन गरेर बाटोमा नहिड्ने र हात्तीलाई आर्कषण गर्ने वस्तुहरु वा खानेकुराहरु घरमा सकभर आफू सुत्ने ठाउँ नजिक नराख्ने ।
- घर वरिपरी झाडी र बोटहरु नराख्ने, यसले हात्ती आएको नदेखिन सक्छ ।
- घर वरिपरी उज्यालो राख्ने र रातको समयमा चर्पी वा अन्य कामका लागी एक्लै बाहिर ननिस्कने ।
- हात्ती लखेट्दा सुरक्षित स्थानबाट समुहमा लखेट्ने र हात्ती भाग्ने बाटो छोडेर लखेट्ने ।
- यदि हात्ती नियन्त्रणका लागी विद्युतीय तारबारहरु छन् भने त्यसको उचित मर्मत सम्भार गर्ने र हात्तीका द्वन्द्व व्यवस्थापनबारे समुदायमा आपसी छलफल गर्ने र हात्तीबाट बच्नको लागी माथि उल्लेखित सावधानी अपनाउने ।